बैठक संख्याः ३३
मितिः २०८१।०२।११

आज मिति २०८१।०२।११ गते गुराँस गाउँपालिकाको ३३औं कार्यपालिका बैठक गाउँपालिका अध्यक्ष श्री टोप बहादुर बि.सी ज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी देहायका प्रस्तावहरुमा छलफल गरि देहायका निर्णयहरु पारित गरियो।

तपसिलः

| | |
|---|---|
| १. श्री टोप बहादुर बि.सी | - गाउँपालिका अध्यक्ष |
| २. श्री शिवा कुमारी खड्का | - गाउँपालिका उपाध्यक्ष |
| ३. श्री धर्म बहादुर रावल | - वडा अध्यक्ष वडा नं. १ |
| ४. श्री शेर बहादुर रावल | - वडा अध्यक्ष वडा नं. २ |
| ५. श्री काँशिराम शर्मा | - वडा अध्यक्ष वडा नं. ३ |
| ६. श्री खड्क बहादुर शाही | - वडा अध्यक्ष वडा नं. ४ |
| ७. श्री भुपेन्द्र बहादुर चन्द | - वडा अध्यक्ष वडा नं. ५ |
| ८. श्री चन्द्र बहादुर राना | - वडा अध्यक्ष वडा नं. ६ |
| ९. श्री नन्द बहादुर बि.सी | - वडा अध्यक्ष वडा नं. ७ |
| १०. श्री दीपेन्द्र वली | - वडा अध्यक्ष वडा नं. ८ |
| ११. श्री अमृता कुमारी बि.सी | - सदस्य |
| १२. श्री विर्मा वि.क | - सदस्य |
| १३. श्री कुलविर वि.क | - सदस्य |
| १४. श्री सम्झना कुमारी वुढा | - सदस्य |
| १५. श्री पम्फी वि.क | - सदस्य |
| १६. श्री भुमिसरा वली | - सदस्य |
| १७. श्री दिनेश दाहाल | - सचिव , नि.प्रमुख प्रशासकीय अधिकृत |

सहयोगी कर्मचारी

| | |
|---|---|
| १. श्री मदन प्रकाश मल्ल | - प्रशासन तथा योजना शाखा प्रमुख |
| २. श्री पवन कुमार भण्डारी | - आ.ले.प शाखा |

बैठकका निर्णयहरु:

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा अघिल्लो बैठकले गरेका निर्णय कार्यान्वयनका बारेमा बैठकमा समिक्षा गरियो र समिक्षाको क्रममा अधिकांश निर्णयहरु कार्यान्वयन भएका र बाँकी निर्णयहरु पनि यथासिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा आ.व. २०८१।८२ को वार्षिक नीति तथा कार्यक्रमको मस्यौदा २०८१ जेष्ठ १५ सम्म तयार गर्न बजेट तथा कार्यक्रम तर्जुमा समितिलाई जिम्मेवारी दिइएकोमा उक्त समय अवधि २०८१ जेष्ठ ३२ सम्म थप गर्ने निर्णय गरियो।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा विषयगत समितिका संयोजकज्यूहरुले कार्यपालिका समक्ष पेश गर्नु भएको बैठकका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको बैठकको निर्णय अनुमोदन गर्ने तथा सदर गर्दै सोहि बमोजिम योजना तथा कार्यक्रमको प्राथमिकरण गरि आगामी बैठकमा पेश गर्न वडा तथा विषयगत समितिलाई पत्राचार गर्ने निर्णय गरियो।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा गुराँस गाउँसभाको १४ औं अधिवेशन २०८०।०३।०७ गते आयोजना गर्ने साथै कार्यालयको कामकाजका अतिरिक्त गुराँस गाउँसभा सचिवालयमा कामकाज गर्न तपसिलको कर्माचारीलाई जिम्मेवारी दिने निर्णय गरियो।

तपसिल:

श्री दिनेश दाहाल — सचिव
श्री मदन प्रकाश मल्ल — सदस्य
श्री पवनकुमार भण्डारी — सदस्य
श्री खेमराज उपाध्याय — सदस्य
श्री सीताकुमारी ओली — सदस्य

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा गुराँस गाउँपालिकाका युवाहरुलाई समाज रुपान्तरण र गुराँस समृद्दि अभियानमा योगदान पुर्याउने उद्देश्यका साथ युवा नीति प्रमाणिकरण गर्ने निर्णय गरियो।

दीप बहादुर वि.सी.
अध्यक्ष

बैठकका निर्णयहरुः

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा अघिल्लो बैठकले गरेका निर्णय कार्यान्वयनका बारेमा बैठकमा समिक्षा गरियो र समिक्षाको क्रममा अधिकांश निर्णयहरु कार्यान्वयन भएका र बाँकी निर्णयहरु पनि यथासिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा आ.व. २०८१।८२ को वार्षिक नीति तथा कार्यक्रमको मस्यौदा २०८१ जेष्ठ १५ सम्म तयार गर्न बजेट तथा कार्यक्रम तर्जुमा समितिलाई जिम्मेवारी दिइएकोमा उक्त समय अवधि २०८१ जेष्ठ ३२ सम्म थप गर्ने निर्णय गरियो।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा विषयगत समितिका संयोजकज्यूहरुले कार्यपालिका समक्ष पेश गर्नु भएको बैठकका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको बैठकको निर्णय अनुमोदन गर्ने तथा सदर गर्दै सोहि बमोजिम योजना तथा कार्यक्रमको प्राथमिकरण गरि आगामी वैठकमा पेश गर्न वडा तथा विषयगत समितिलाई पत्राचार गर्ने निर्णय गरियो।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा गुराँस गाउँसभाको १४ औं अधिवेशन २०८०।०३।०७ गते आयोजना गर्ने साथै कार्यालयको कामकाजका अतिरिक्त गुराँस गाउँसभा सचिवालयमा कामकाज गर्न तपसिलको कर्माचारीलाई जिम्मेवारी दिने निर्णय गरियो।

<u>तपसिलः</u>

श्री दिनेश दाहाल — सचिव<br>
श्री मदन प्रकाश मल्ल — सदस्य<br>
श्री पवनकुमार भण्डारी — सदस्य<br>
श्री खेमराज उपाध्याय — सदस्य<br>
श्री सीताकुमारी ओली — सदस्य

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा गुराँस गाउँपालिकाका युवाहरुलाई समाज रुपान्तरण र गुराँस समृद्दि अभियानमा योगदान पुर्याउने उद्देश्यका साथ युवा नीति प्रमाणिकरण गर्ने निर्णय गरियो।

टोप बहादुर वि.सी.<br>
अध्यक्ष

निर्णय नं. ७
प्रस्ताव नं. ७ माथि छलफल गर्दा गुराँस सामुदायीक विधुतिकरण तर्फको विद्युत मिटर जडानका लागि विगत आ.व.मा गाउँपालिकालाई रकम बुझाएता पनि उक्त क्षेत्रमा गुराँस सामुदायीक विधुतिकरणको क्षेत्र नभएकाले नेपाल विधुत प्राधिकरणको बिधुत जडान गरेका ग्राहकहरुले रकम एकिन गरि वडा कार्यालयको सिफारिसमा रकम फिर्ता गरि विधुत प्राधिकरण दैलेखलाई नयाँ मिटर उपलब्ध गराउन सिफारिस गर्ने निर्णय गरियो।

निर्णय नं. ८
प्रस्ताव नं. ८ माथि छलफल गर्दा आ.व. २०८१।८२ को मुख्यमन्त्री रोजगार कार्यक्रमका लागि ३-८ वडा कार्यालयबाट प्राप्त तपसिलका योजनाहरु तथा वडा नं. १ र २ को वडा कार्यालयबाट प्राप्त सिफारिस बमोजिमका योजनाहरुलाई सम्बन्धित निकायमा लेखि पठाउने निर्णय गरियो।

तपसिलः

| वडा नं. | योजनाको नाम | रकम रु. |
|---|---|---|
| ३ | वडाको बिच सेन्टर पातिकान्लामा फिल्ड निर्माण | १५,००,०००।- |
| ४ | दोबाटो लिफ्टिङ्ग खानेपानी योजना | |
| ५ | वडा कार्यालयको तला थप र सौचालय निर्माण | |
| ६ | घर घरमा सिचाई पोखरी निर्माण | |
| ७ | घुम्ने बिसाउँ छौडेकाँडा हुँदै ७ नं. वडा कार्यलय सम्म सडक जाली व्यवस्थापन | |
| ८ | भैंसीपालक कृषकको घरघरमा भकारो सुधार | |

निर्णय नं. ९
प्रस्ताव नं. ९ माथि छलफल गर्दा राजश्व परामर्श समितिको मितिः २०८०।०१।२८ गते बसेको बैठको निर्णय अनुमोदन गर्ने तथा निर्णय कार्यान्वयनका लागि राजश्व शाखा मार्फत सम्बन्धित व्यक्ति वा निकायलाई पत्राचार गर्ने निर्णय गरियो।

निर्णय नं. १०
प्रस्ताव नं. १० माथि छलफल गर्दा गर्दा आ.व.२०८०।८१ को जिल्ला सभा मितिः २०८१।०२।१३ गते आयोजना हुन गइरहेकोमा समग्र जिल्लाको विकास तथा विविध विषयमा छलफल गर्ने गरि सहभागीता जनाउने निर्णय गरियो।

निर्णय नं. ११
प्रस्ताव नं. ११ माथि छलफल गर्दा २०८१ जेष्ठ मसान्त भित्र छिमेकी पालिका तथा प्रदेश सरकारका प्रतिनिधि सम्मिलित अन्तरपालिका समन्वय बैठक आयोजना गर्ने निर्णय गरियो।

टोप बहादुर वि.सी.
अध्यक्ष

कर्णाली प्रदेश नेपाल
२०७३

निर्णय नं. १२

प्रस्ताव नं. १२ माथि छलफल गर्दा कोष तथा लेखा नियन्त्रक कार्यालय, दैलेखको च.नं.१८९, मितिः २०८१।०२।०१ गतेको पत्रबाट समूह "ख" तर्फ लेखा समूहका कर्मचारीबाट खाता सञ्चालनको लागि पत्राचार भई आएकोमा हाल दरबन्दिमा रहेका सहायकस्तर पाचौं श्री टोप बहादुर शाहीले आफ्नो नाममा रहेको आ.व. २०७६।७७ को रु.७० हजार, आ.व. २०७७।७८ को रु. २० लाख ९० हजार ८ सय तथा आ.व. २०७८।८९ को रु. ८ लाख गरि कुल रु. २९ लाख ६० हजार ८ सय रुपैंया पेश्की फर्छौट नगर्दा, उक्त पेश्की फर्छौटका लागि पटक पटक मौखिक तथा लिखित पत्राचार गरि निजको तलब भत्ता समेत रोक्का राखिएकोमा, हाल सम्म पनि उक्त पेश्की फर्छौट नगर्दा यस कार्यालयको बेरुजु समपरिक्षण कार्यमा अवरोध भईरहेको सन्धर्भमा निजबाट खाता सञ्चालन गर्न कार्यालय असमर्थ रहेको हुँदा हाल भएको खाता सञ्चालनकै व्यवस्था कायम गरिदिनुहुन कोष तथा लेखा नियन्त्रक कार्यालयलाई पत्राचार गर्ने निर्णय गरियो।

साथै, माथी उल्लेखित विषय सहित, कार्यालयमा नियमित उपस्थित नहुने र तोकिएको जिम्मेवारी बहन नगरि कर्मचारीको आचरण उल्लंघन गरेकाले निजलाइ स्पष्टीकरण सोध्न कार्यालय प्रमुखलाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. १३

प्रस्ताव नं. १३ माथि छलफल गर्दा गुराँस गाउँपालिका भित्र सञ्चालनमा रहेका सामुदायीक गृहवास (होमस्टे) का सञ्चालक, नयाँ गृहवास सञ्चालन गर्न ईच्छुक गुराँसवासी, होटेल व्यवसायी तथा सम्बन्धित सरोकारवालाको उपस्थितिमा "गुराँस गृहवास(होमस्टे) अन्तर्कृया गोष्ठी-२०८१" आयोजना गर्न आर्थिक सहयोगका लागि नेपाल पर्यटन बोर्डमा प्रस्तावना पेश गर्ने निर्णय गरियो।

निर्णय नं. १४

प्रस्ताव नं. १४ माथि छलफल गर्दा आ.व.२०८१।८२ को लागि कर्णाली प्रदेश सरकारको नीति तथा कार्यक्रमका लागि यस गाउँपालिकाको तर्फबाट सुझाव पेश गर्ने यस गाउँपालिका अध्यक्षज्यूलाई जिम्मा दिने निर्णय गरियो।

निर्णय नं. १५

प्रस्ताव नं. १५ माथि छलफल गर्दा गुराँस गाउँकार्यपालिकाको कार्यालय प्रांगढको पश्चिम सडक तर्फ प्रशासकीय भवन शीर्षकबाट भुक्तानी हुने गरि "पक्की रिटेनिङ्ग वाल निर्माण" कार्य अघि बढाउने तथा सोही शीर्षकबाट भुक्तानी हुने गरि कार्यालयको दोश्रो तल्लाको पुर्व तर्फ खालि रहेको स्थानमा "बैठक हल निर्माण योजना" समेत यथासिघ्र अघि बढाउने निर्णय गरियो ।

टोप बहादुर वि.सी.
अध्यक्ष

निर्णय नं. १६
प्रस्ताव नं. १६ माथि छलफल गर्दा गुराँस गाउँपालिका वडा नं. ६ स्थित ने.रा.मा.वि बगौराको भवन निर्माण कार्यका लागि प्रदेश समपुरक अनुदान तर्फ रु.६७ लाख तथा संघीय वित्तिय समानिकरण अनुदान तर्फ २ कोठे भवन निर्माणका लागि रु. २० लाख विनियोजन भएकोमा वडा नं ६ को वडा समितिको निर्णय तथा ने.रा.मा.वि बगौराको विधालय व्यवस्थापन समितिको निर्णय बमोजिम उल्लेखित संयुक्त बजेटबाट ८ कोठे भवन निर्माण गर्ने निर्णय सदर गरियो। साथै, उपरोक्त विधालयलाई नमूना विधालय बनाउन संघीय तथा प्रदेश सरकार समक्ष प्रस्ताब पेश गर्न गुरुयोजना निर्माण गर्न वडा समितिले गरेको निर्णय समेत सदर गरियो।

निर्णय नं. १७
प्रस्ताव नं. १७ माथि छलफल गर्दा मिलनचौक ट्रस पुल वडा नं. ६ मा बाढीको जोखिम देखिएकाले उक्त पुलको दुई तर्फको किनारमा शसर्त अनुदान तर्फको "मिलन चोक ट्रस, गुराँस गाउँपालिका, दैलेख" शीर्षकबाट ग्याबिन जाली वाल निर्माण गर्ने निर्णय गरियो।

निर्णय नं. १८
प्रस्ताव नं. १८ माथि छलफल गर्दा यस गुराँस गाउँपालिकालाई आवश्यक पर्ने चिस्यान केन्द्र, गोदाम, तालिम \ भेला लगाएत सार्वजनिक सरोकारका कार्यक्रमहरु गर्ने हल लगाएतका आफ्नो संरचना नभएका कारण विगत २ वर्ष देखि विभिन्न स्थानमा भाडामा लिंदै आएकोमा आफ्नै बहुउद्देश्य प्रशासकीय भवन निर्माण गर्न निःशुल्क तथा नियमानुसार मुआब्जा पाउने गरि पालिकालाई जग्गा वा उपयुक्त भवन सहितको जग्गा प्राप्तिका लागि पटकपटक सूचना गर्दा दान बापत केहि जग्गा प्राप्त भएकोमा बाटोको निकास नहुँदा पुनः निःशुल्क तथा नियमानुसार मुआब्जा पाउने गरि पालिकालाई जग्गा वा उपयुक्त भवन सहितको जग्गा प्राप्तिका लागि सूचना गर्दा श्री लालिगुराँस बहुमुखी सहकारी संस्था, गुराँस-४, ले आफ्नो आन्तरिक आर्थिक व्यवस्थापनको प्रयोजन जनाउँदै उपयुक्त मुआब्जाको माग राखि पालिकाको आवश्यकता बमोजिम जग्गा तथा भवन समेत प्रदान गर्न सकिने जानकारी गराएको र उक्त जग्गा प्राप्ति गर्दा अन्य प्राप्त जग्गा सम्म बाटो निकास समेत हुने र पालिकाका अन्य आवश्यकता बमोजिम प्रयोग गर्न समेत सकिने देखिएको हुँदा उक्त भवनको मुल्याङ्कन परामर्शदाताबाट गराई प्रतिवेदन समेत पेश गर्न प्राविधिक शाखालाई जिम्मा दिने निर्णय गरियो।

निर्णय नं. १९
प्रस्ताव नं. १९ माथि छलफल गर्दा *गुराँस छात्रवृति वितरण कार्यविधि, २०८१* तथा *उपाध्यक्षको इच्छा, छोरी बुहारी उच्च शिक्षा कार्यविधि, २०८१* स्वीकृत गर्ने निर्णय गरियो।

टोप बहादुर बि.सी.
अध्यक्ष

निर्णय नं. २०

क) गुराँस अस्पतालमा फिजियोथेरापी सेवा थप गर्ने प्रयोजनका लागि गुराँस गाउँकार्यपालिकाको सिफारिसमा अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्र, बनेपामा १ महिने आवासीय प्राथमिक पुनर्स्थापना थेरापी तालिममा सहभागी भैरहेकी गुराँस गा.पा , वडा नं. ३ की शर्मिला विश्वकर्माको तालिम खर्च रु. ७० हजार आर्थिक सहायता शीर्षकबाट भुक्तानी दिने तथा निजले कम्तिमा १ वर्ष गाउँपालिकामा निःशुल्क सेवा गर्ने गरि सम्झौता गर्न कार्यालय प्रमुखलाई जिम्मेवारी दिने निर्णय गरियो।

ख) हामी बनाउछौं हाम्रो सडक अन्तर्गत निर्माण स्थल सम्म डोजर पुराउँदा\ल्याउँदा, माटो एक ठाउँ देखि अर्को ठाउँमा फ्याल्दा लगाएत अन्य अपरेशनल काममा खर्च हुने इन्धनको भुक्तानीका लगि घण्टा प्रमाणितका आधारमा बिल उठाउन तथा मेशिन परिचालन बापत कुल लागत अनुमानको ५० % ईन्धन बापत ५०% रकम भुक्तानी दिन सम्बन्धित प्राविधिकहरुलाई निर्देशन दिने निर्णय गरियो।

ग) यस गुराँस गाउँपालिकामा ओ.जि.टि का लागि असिस्टेन्ट सब- ईन्जिनियर (सिभिल) श्री हेमन्त ओलीले निवेदन पेश गरेको हुँदा २०८१ असार मसान्तसम्म प्राविधिक शाखाको निर्देशनमा कामकाज गर्ने गरी ओ.जि.टि का लागि अनुमति दिने निर्णय गरियो। साथै, उक्त अवधिको लागि आन्तरिक श्रोतबाट ईन्धन तथा खाजा खर्च बापत एकमुष्ट रु.१५ हजार उपलब्ध गराउने निर्णय गरियो।

साथै, २०८० श्रावण १ गते पुर्व ज्यालादारीमा कामकाज गर्दै आएका तथा सो समय पश्चात म्याद थप गर्न छुटेता पनि निरन्तर वडाकार्यालयमा कामकाज गर्दै आएका तपसिलका कर्मचारीहरुलाई श्रावण २०८० देखि मासिक रु. १५ हजारका दरले ज्याला रकम उपलब्ध गराउने निर्णय गरियो।

घ) गुराँस गाउँपालिका अन्तर्गत बिभिन्न स्थानमा रहेका पुलहरुको रेखदेख, चौपायहरुले गरेको फोहोर सफा गर्ने लगाएतका कार्य गर्दै आईरहेका पुल हेरालोको प्रति हेरालो वार्षिक रु. ६ हजार करार सेवा शुल्क शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

ङ) यस कार्यालयको आ.व. २०८०/८१ को चालनी किताबमा चलानी गर्दा केहि संख्यामा चलानीहरु भुलवस दोहोरिन गएको पाइएकाले उक्त प्रशासनिक कार्यलाई मानविय त्रुटिको रुपमा लिई आगामी दिनहरुमा पुनः दोहोर्याउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

च) ३ नं. वडा कार्यालयले पेश गरेको सोहि वडाको दुर्गेमा सञ्चालित कृषि फर्मको सञ्चालनका लागि ब्रहुउद्देश्यीय कृषि फर्म सञ्चालन कार्ययोजना सदर गर्दै उक्त कार्ययोजना अनुसार लिजमा प्राप्त भएका जग्गाहरुलाई रोक्का राख्न मालपोत कार्यालय, दैलेखलाई पत्राचार गर्ने तथा उक्त कार्यका लागि नियमानुसार लाग्ने जग्गा पास खर्च लगाएतका खर्च कार्यालयले व्यहोर्ने निर्णय गरियो।

छ) गाउँपालिकाको नवनिर्मित कार्यलयमा कागजात तथा सामाग्रीहरु सुरक्षित राख्न तथा सेवा प्रवाहलाई थप चुस्त बनाउन आवश्यक पर्ने फर्निचर व्यवस्थापनका लागि आगामी गाउँसभाबाट फर्निचर तथा फिक्चर्स शीर्षकमा रकमान्तर मार्फत बजेट व्यवस्थान गर्ने तथा भुक्तानी दिने गरि आवश्यक खरिद प्रकृया अघि बढाउन कार्यालयलाई जिम्मेवारी दिने निर्णय गरियो।

टोप बहादुर वि.सी.
अध्यक्ष

ज) गुराँस गाउँपालिका अन्तर्गत वडा नं. ३ स्थित सेरिवाडा बर्थिङ्ग सेन्टर अधुरो रहेकाले उक्त भवनको निर्माण कार्य प्रकृया अघि बढाउने तथा गाउँसभाको रकमान्तर निर्णय बमोजिम भुक्तानी दिने निर्णय गरियो।

अन्त्यमा, गुराँस गाउँकार्यपालिकाको ३३औं बैठक १४ जना कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा माथी उल्लेखित एजेण्डाहरु उपर गहन छलफल गरि, सर्वसम्मत रुपमा निर्णयमा पुग्दै अत्यन्त सौहार्द रुपमा सम्पन्न भई, बैठकमा उपस्थित कार्यपालिका सदस्यज्युहरुलाई आवास, खाना तथा यातायातको व्यवस्थापनको लागि कार्यालयलाई जिम्मेवारी दिंदै अध्यक्षज्युबाट समापनको जानकारी भयों।

बहादुर वि.सी.
अध्यक्ष